# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरू कृपादेवी पटेल, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट:-

- **प्रतिवादी कृपादेवी पटेलले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिंदा निज उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. ४,००,०००।- र नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिइ नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. १,८५,३६०।- समेत गरी बिगो रु. ५,८५,३६०।- (पाँच लाख पचासी हजार तीन सय साठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुसरिसवत दिएको रकम ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी गरेको बिगो रकम ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन;
- **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज उपर कृपादेवी पटेलबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ४,००,०००।- र आफैंले नक्कली तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका अरविन्द गिरीलाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो पदको दुरुपयोग गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. १,८५,३६०।- समेत गरी बिगो रु. ५,८५,३६०।- (पाँच लाख पचासी हजार तीन सय साठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी पुगेको बिगो रकम ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन; र
- **प्रतिवादी रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरु रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख बमोजिम रु. १,८५,३६०।- (एक लाख पचासी हजार तीन सय साठी) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२२ को फैसलाबाट निम्न आधारहरू लिई उक्त आरोपमा आंशिक कसूर ठहर भएको:-

- प्रतिवादी कृपादेवी पटेलको अनुसन्धान अधिकारी समक्षको बयानमा रु.४,००,०००।- दिएको तथ्य उल्लेख भएको देखिए पनि निजले यस अदालतमा बयान गर्दा प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई कुनै रकम दिएको भन्ने तथ्य

ईन्कारी गरी बयान गरेकोले अन्य कुनै तथ्यगत् आधारमा पनि यो दाबी पुष्टि हुन नआएको हुँदा घुस रिसवत् लेनदेन भएको तथ्य पुष्टि हुन आएन।

- प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवका हकमा निज उपर कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसँग उठाईएको दुवै विद्यालयसँग निज सम्वन्धित भएको देखिंदैन। प्रतिवादी कृपादेवी पटेल स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको बयानबाट पनि निजको संलग्नता खुल्दैन।
- प्रतिवादी रामविलास प्रसाद पटेलका हकमा प्रतिवादी कृपादेवी पटेल नक्कली कार्यरत रहेको वा काज सरुवा भएको दुवै विद्यालयमा निजको कुनै प्रकारको संलग्नता देखिंदैन प्रतिवादी कृपादेवी पटेल स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको 'बयानबाट पनि निजको संलग्नता खुल्दैन।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छः-

<u>देहायः</u>

क) प्रतिवादी कृपादेवी पटेलले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा जगरनाथपुर गाउँपालिकाका शिक्षा प्रमुख (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाले दस्तुरवापत रु. ४,००,०००।- लिएर निजले श्री दिव्य कन्या मा.वि. विरन्चिवर्वाबाट श्री ने.रा.प्रा.वि. दशौता जानकीटोलामा काजको पत्र दिई हाजिर गराएको हो भनी वयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी कृपादेवी पटेलले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र कृपादेवी पटेलले घुस/रिसवत लिएको/दिएको रकम रु.४,००,०००।-(चार लाख) कायम गरी सजाय गर्नु पर्नेमा अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई अदालतले प्रमाणमा नलिई गरेको फैसला सो हदसम्म त्रुटीपुर्ण रहेको।

ख) अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको अवस्थामा प्रतिवादीहरु कृपादेवी पटेल र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिंदा आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धान अघिकारी समक्ष बयान गर्दा कृपादेवी पटेल लगायतका व्यक्ति र कागजातहरु समेत लिइ आउने र आफुलाई सहयोग वापत रकम उपलव्ध गराउने व्यक्ति श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेढ्वा विर्ता पर्साका भु.पु.प्रधानाध्यापक महेश यादव र श्री राम प्राथमिक विद्यालय पिपरडाढीका प्रधानाध्यापक रामबेलास प्रसाद पटेल हुन् भनी खुलाईदिएको देखिएकोले विभिन्न व्यक्तिहरु लिइ गइ राजेश्वर प्रसाद चौरसियाबाट नक्कली तथा गलत कागजातहरु उपलव्ध गराउनमा सघाउ पुर्याउने कार्य गरी सोही नक्कली तथा गलत कागजातहरुका आधारमा आफु अनुकुलका व्यक्तिहरुले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई प्रतिवादीहरु रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवले राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको पुष्टी भै रहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा *अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ* भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको मुल्याङ्कन नै नगरी सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको।

प्रवक्ता

नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. राजेश्वर प्रसाद चौरासिया, कृपादेवी पटेल, रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादव** (वि.अ. को मु.नं. ०७६-CR-०१०९), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ती गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचार गरेको** | प्रतिवादी कृपादेवी पटेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिंदा निज कृपादेवी पटेल उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. ४,००,०००।- र नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिइ नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. १,८५,३६०।- समेत गरी विगो रु. ५,८५,३६०।- (पाँच लाख पचासी हजार तीन सय साठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुसरिसवत दिएको रकम रु. ४,००,०००।- (चार लाख) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी गरेको विगो रु. १,८५,३६०।- (एक लाख पचासी हजार तीन सय साठी) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदावी लिईएको, प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले भ्रष्टाचार | **फैसलाः**<br>प्रतिवादीहरु, कृपादेवी पटेल र राजेश्वर प्रसाद चौरसियाको मिलोमतोमा नक्कली कागजात बनाइ प्रतिवादी कृपादेवी पटेलले तलव भत्ता वापत रु.१,८५,३६८/- भुक्तानी लिएर बदनियतपूर्वक नेपाल सरकारको हानि नोक्सानी पुर्‍याएको देखिन आयो । निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ विपरीतको कसूर गरेको देखिंदा सोही दफा बमोजिम दुवै प्रतिवादीहरुबाट जनही रु. ९२,६८४/- असुल गरी दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जनही जरिवाना रु.९२,६८४/- र जनही ६ (छ) महिना कैदको सजाय हुने ठहर्छ। प्रतिवादीहरु रामविलास प्रसाद पटेल र महेश यादव भन्ने महेश प्रसाद यादवले मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नआएकोले निजहरुको हकमा आरोपदाबी पुग्न नसकी सफाई पाउने भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>क. जिल्ला शिक्षा कार्यालय पर्साको उक्त पत्र सम्वन्धमा पनि अनुसन्धान भएको पाईन्छ। उक्त कार्यालयको आ व २०७४।०७५ को सक्कलै चलानी कितावबाट उक्त च.नं. ३१४० को संख्या मिति २०७४।८।९ मा नभई २०७४ मसान्तमा मात्र च नं १९२२ रहेको भन्ने देखिंदा २०७४।८।९ मै च नं ३१४० लेखिनु आफैंमा नक्कली काम भएको देखिन आउँछ। यसका साथै काज खटिनु अघिको श्री दिव्यकन्या मा. वि. विरन्चिवर्वाको च. नं. ९५ मिति २०७६ । ३ । १७ को अनुसन्धान अधिकारीलाई लेखिएको पत्रबाट उक्त विद्यालयमा कृपादेवी पटेल भन्ने शिक्षक कुनैपनि समयमा कार्यरत नरहेको भन्ने देखिन्छ । यी तथ्य सम्वन्धमा प्रतिवादीहरुको अन्यथा जिकिर रहेको पाईंदैन। यसबाट यी प्रतिवादि कृपादेवी पटेलले शिक्षक भनी तलव भत्ता बुझेको आधार काज सरुवा पत्र नै नक्कली भएको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आयो ।<br>ख. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी, र हैसियत यो कसूरसँग सम्बन्धित नै नरहेको अवस्था होईन । निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको तथ्याङ्क र रिक्त पदपुर्तिको विवरणमा पहुँच, | क. प्रतिवादी कृपादेवी पटेलले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा जगरनाथपुर गाउँपालिकाका शिक्षा प्रमुख (वि.नि.) राजेश्वर प्रसाद चौरसियाले दस्तुरवापत रु. ४,००,०००।- लिएर निजले जिल्ला शिक्षा कार्यालयको च.नं. ३०४१ मिति २०७४।८।९ को काजसम्वन्धि श्री दिव्य कन्या मा.वि. विरन्चिवर्वाबाट श्री ने.रा.प्रा.वि. दशौता जानकीटोलामा काजको पत्र दिई निजले नै लगेर श्री ने.रा.प्रा.वि. दशौता जानकीटोलामा हाजिर गराएको हो भनि बयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी कृपादेवी पटेलले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र कृपादेवी पटेलले घुस/रिसवत लिएको/दिएको रकम रु.४,००,०००।-(चार लाख) कायम गरी सजाय गर्नु पर्नेमा अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई गरेको फैसला सो हदसम्म त्रुटीपुर्ण रहेको हुँदा प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र कृपादेवी पटेलको हकमा घुस/रिसवत बापत लिए/दिएको रकम नगद रु. ४,००,०००।— बिगो कायम गरी आरोपपत्र मागदावी बमोजिम हुन पुनरावेदन गर्ने,<br>ख. प्रतिवादी कृपादेवी पटेलले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ४,००,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु कृपादेवी पटेल र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ४,००,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु कृपादेवी पटेल र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुर्‍याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु कृपादेवी पटेल र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>ग. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा कृपादेवी पटेल लगायतका व्यक्ति र कागजातहरु समेत लिइ आउने र आफुलाई सहयोग वापत रकम उपलव्ध गराउने व्यक्ति श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेढ्वा विर्ता पर्साका भु.पु.प्रधानाध्यापक महेश यादव र श्री राम प्राथमिक विद्यालय पिपरडाढीका प्रधानाध्यापक रामबेलास प्रसाद पटेल हुन् भनि खुलाईदिएको देखिन्छ। मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिइ आफुलाई सहयोग गर्ने व्यक्ति भनि खुलाईदिए अनुसार निज महेश यादवले विभिन्न व्यक्तिहरु लिइ गइ राजेश्वर प्रसाद चौरसियाबाट नक्कलि तथा गलत कागजातहरु उपलव्ध गराउनमा सघाउ पुर्याउने कार्य गरी सोही नक्कलि तथा गलत कागजातहरुका आधारमा आफु अनुकुलका व्यक्तिहरुले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैर कानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले राष्ट्रसेवक कर्मचारीसंगको मिलेमतोमा गलत तथा नक्कलि कागजातहरुका आधारमा विभिन्न व्यक्तिहरुलाई शिक्षकको रुपमा तलव भत्ता समेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादीहरु रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवले जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज राजेश्वर प्रसाद चौरसिया उपर कृपादेवी पटेलबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. ४,००,०००।- र आफैंले नक्कलि तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका अरविन्द गिरीलाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो पदको दुरुपयोग गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. १,८५,३६०।- समेत गरी विगो रु. ५,८५,३६०।- (पाँच लाख पचासी हजार तीन सय साठी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रु.४,००,०००।- (चार लाख) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो रु. १,८५,३६०।- (एक लाख पचासी हजार तीन सय साठी) | पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु वनाई प्रतिवादी कृपादेवी पटेललाई श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय दशौता जानकीटोला पर्साको शिक्षक पदमा नक्कली कागजातका आधारमा तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादीहरु कृपादेवी पटेल र राजेश्वर प्रसाद चौरसियाको संलग्नता देखिन आयो।<br>ग. यसै प्रसंगमा, यस मुद्दामा रु.४,००,०००।- प्रतिवादी कृपादेवी पटेलले प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई दिएको र निजले लिएको हुँदा घुस रिसवततर्फ पनि उक्त रकम बिगो कायम गरिएको हुदा सोतर्फ पनि विचार हुन आवश्यक देखियो । प्रथमतः नक्कली कागजातका आधारमा शिक्षक पदको तलव भत्ता भुक्तानी भएको तथ्य स्थापित भैसकेको छ। प्रतिवादी कृपादेवी पटेलको अनुसन्धान अधिकारी समक्षको बयानमा रु.४,००,००० । दिएको तथ्य उल्लेख भएको देखिए पनि निजले यस अदालतमा बयान गर्दा प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई कुनै रकम दिएको भन्ने तथ्य ईन्कारी गरी बयान गरेको देखिन्छ । प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले पनि यस अदालत तथा अनुसन्धान अधिकारी स्वयं समक्षको बयानमा उक्त तथ्य ईन्कारी गरी लेखाएको देखिन्छ । अन्य कुनै तथ्यगत् आधारमा पनि यो दाबी पुष्टि हुन नआएको हुँदा घुस रिसवत् लेनदेन भएको तथ्य पुष्टि हुन आएन ।<br>घ. अर्का प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवका हकमा विचार गर्दा निज श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेडवा विर्ता पर्साका भु.पू. प्रधानाध्यापक भएको देखिन्छ । निज उपर कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसँग उठाईएको दुवै विद्यालयसँग निज सम्वन्धित भएको देखिंदैन । प्रतिवादी कृपादेवी पटेल स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको बयानबाट पनि निजको संलग्नता खुल्दैन । निजको संलग्नता पुष्टि हुने अन्य | कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा *अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ* भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट प्रतिवादी महेश प्रसाद यादवलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको,<br>, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदावी लिईएको, प्रतिवादी रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरु रामवेलास प्रसाद पटेल र महेश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख बमोजिम रु. १,८५,३६०।- (एक लाख पचासी हजार तीन सय साठी) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिइएको | मनासिव कारण र आधार समेत मिसिलबाट देखिन आउंदैन । तसर्थ आफ्ना हकमा ईन्कारी बयान गर्ने राजेश्वरप्रसाद चौरसियाको अनुसन्धान अधिकारी समक्षको बयान मात्रको आधारमा यी प्रतिवादीको संलग्नता भएको भन्न मिलेन ।<br>ङ. अर्का प्रतिवादी रामविलास प्रसाद पटेलका हकमा विचार गर्दा निज श्री राम प्राथमिक विद्यालय पिपरडाढी पर्साका प्रधानाध्यापक रहेको देखिन्छ । प्रतिवादी कृपादेवी पटेल नक्कली कार्यरत रहेको वा काज सरुवा भएको दुवै विद्यालयमा निजको कुनै प्रकारको संलग्नता देखिंदैन। प्रतिवादी कृपादेवी पटेल स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको 'बयानबाट पनि निजको संलग्नता खुल्दैन। निजको संलग्नता पुष्टि हुने अन्य मनासिव कारण र आधार समेत मिसिलबाट देखिन आउंदैन। तसर्थ आफ्ना हकमा ईन्कारी बयान गर्ने राजेश्वरप्रसाद चौरसियाको यी प्रतिवादी समेतको अनुरोधमा तलव भत्ताको सिफारिस गरेको भन्ने अनुसन्धान अधिकारी समक्षको बयान मात्रको आधारमा यी प्रतिवादीको संलग्नता भएको भन्न मिलेन । | |